**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**माननीय न्यायाधीश श्री ओम प्रकाश मिश्र**

**आदेश**

०७०-WO-०९३२

विषयः उत्प्रेषणयुक्त परमादेश समेत।

दिसी गुरुङकी छोरी बर्ष १३ की निकिता गुरुङको हकमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५१ बमोजिम संरक्षक भई आफ्नो हकमा समेत स्व. धनबहादुर गुरुङकी छोरी ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं.३ बस्ने बर्ष ४१ की दिसी गुरुङ..१ रिट निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं ............................१

नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौं ..............................................................१

नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, काठमाडौं ...............१

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ....................................१ विपक्षी

ललितपुर उपमहानगरपालिका, पुल्चोक, ललितपुर.......................................................१

ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालय पुल्चोक, ललितपुर .....................१

जिल्ला शिक्षा कार्यालय, कनिवहाल, ललितपुर .........................................................१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७ बमोजिम दायर हुन आएको प्रस्तुत विषयको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः

**रिट निवेदनको ब्यहोराः**

म निवेदकले छोरी निकितालाई मिति २०५७।१।४ मा जन्म दिँए । निजको पिताको पहिचान म निवेदक स्वयंले पनि गर्न सकेकी छैन । छोरी निकिता गुरुङ हाल कक्षा ९ मा रातो

बङ्गला स्कुलमा अध्ययनरत छिन् । कक्षा ९ मा अध्ययनरत रहँदा नै एस.एल.सी. परीक्षाको लागि फाराम भर्नु पर्ने हुन्छ । एल.एल.सी. परीक्षाको फाराम जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने, फाराम पठाउँदा छोरीको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पनि सँगसँगै पठाउनु पर्ने र जन्म दर्ता संलग्न नभएको फाराम रजिष्ट्रेशन अस्वीकृत हुने भनी जिल्ला शिक्षा कार्लायय, कनिवहालले रातो बङ्गला स्कुललाई पत्र पठाएको अवस्था छ । यसरी छोरीको जन्म दर्ता नभएको हुँदा एस.एल.सी. परीक्षाको फाराम स्कुलले जिल्ला शिक्षा कार्यालयमा बुझाउन नसकेपछि हाल उनी पढिरहेको रातो बङ्गला स्कुलले जन्म दर्ता नल्याए स्कुलबाट नै निष्कासन गरिदिनेसमेत चेतावनी दिइरहेको छ ।

मिति २०७०।१।८ मा मैले छोरीसमेत लिई हामी बसोबास गरिरहेको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ बमोजिमको जन्मको सूचना फाराम भरी जन्म दर्ता गर्न जाँदा जन्म दर्ता गरिदिन इन्कार गरियो । जन्म दर्ता गर्न सक्ने अन्य विकल्पको सम्बन्धमा कुनै जानकारी पनि दिइएन । तत्पश्चात मैले छोरीलाई लिई महिनैपिच्छे उक्त कार्यालय धाउँदा पनि जन्म दर्ता नगरिदिएको र बाबुको नागरिकता नभई छोरीको जन्म दर्ता हुँदैन भनी हामी आमा छोरीलाई हप्काउने भाषामा जवाफ दिइएको हुँदा अन्य वैकल्पिक बाटो नभएकोले रिट निवेदन लिई उपस्थित भएकी छु ।

यसरी बाबुको पहिचान नभएको कारणले मेरो छोरीको जन्म दर्ता नगरेको हुनाले विपक्षी ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयलाई म निवेदक आमाकै नामबाट मेरो छोरीको जन्म दर्ता गर्नु, गराउनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ । जिल्ला शिक्षा कार्यालय कनिवहाल, ललितपुरका नाममा हाल निकिता गुरुङको जन्म दर्ता नभए तापनि एस.एल.सी. परीक्षाको फाराम अस्वीकृत नगरी फाराम बुझिदिनु भन्ने अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने ब्यहोराको रिट निवेदन ।

**अदालतको प्रारम्भिक आदेश:**

निवेदकको मागबमोजिम आदेश जारी हुनु नपर्ने भए सोको आधार र प्रमाणसमेत उल्लेख गरी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा म्याद सूचना जारी गर्नू । अध्ययनरत विद्यार्थीलाई परीक्षाको अवसरबाट बञ्चित गर्न न्यायोचित नहुँदा मिति २०७१।३।१९ को जिल्ला शिक्षा कार्यालय, ललितपुरको पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरिदिएको भन्ने यस अदालतको मिति २०७१।३।२४ को आदेश ।

**विपक्षीहरुबाट पेश भएको लिखित जवाफः**

यस ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयमा रिट निवेदक आउनु भएको छैन । कुनै सूचना जानकारी माग्न नआउनु भएको र जन्म दर्ता फाराम पनि नभरेको अवस्था हुँदा विपक्षीको रिट निवेदन ब्यहोरा सत्य होइन ।

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र ऐ. नियमावली, २०३४ एवं स्थानीय विकास मन्त्रालयले स्थानीय पञ्जिकाधिकारीलाई व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा दिएको निर्देशन, २०६७ तथा समय समयमा जारी भएको परिपत्रको आधारमा व्यक्तिगत घटना दर्ता गर्ने कानूनी कर्तव्य स्थानीय पञ्जिकाधिकारीको हो । विपक्षीले तोकिएको फाराम भरी यस कार्यालयमा पेस नै गर्नु भएको छैन । रिट निवेदकको निवेदन लेखअनुसार निजकी छोरी निकिताको दुर्घटनाको कारण जन्म भएको, बाबुको ठेगान नभएको, बाबुको राष्ट्रियता थाहा नभएको, राष्ट्रियता थाहा भएर पनि नागरिकता लिए नलिएको थाहा नभएको आदि अवस्था भए सोहीबमोजिम उल्लेख गरी सम्बन्धित स्थानीय निकायमा बच्चाको जन्म दर्ताको लागि आवेदन परेको अवस्थामा कानूनबमोजिम स्थानीय पञ्जिकाधिकारीले के कसरी त्यस्तो बच्चाको जन्म दर्ता गर्ने भन्ने सम्बन्धमा निकासाको लागि जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ अन्तर्गत नियुक्त मुख्य पञ्जिकाधिकारीसँग राय निर्देशन माग गरी नेपाल सरकारको निर्णयबमोजिम पनि रिट निवेदकले उपचार पाउन सक्ने मार्ग ऐनमा छ । जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा १६ बमोजिम बाधा अड्काउ फुकाउने नेपाल सरकारको अधिकारअन्तर्गत ऐनको कार्यान्वयन गर्न सक्ने अवस्था विद्यमान पनि छ । रिट निवेदक यो साधारण उपचारतर्फ नलागी सम्मानित अदातलसमक्ष रिट निवेदन लिई आउनु भएको हुँदा मागबमोजिम आदेश जारी हुने अवस्था छैन । कानूनी प्रावधानबमोजिम निवेदक जस्ताको जन्म दर्ता गर्न कानूनी बाधा अडचन हुने स्वयं विपक्षीले स्वीकार गरेको अवस्थामा यस ललितपुर उपमहानगरपालिकाबाट विपक्षीको कुनै संवैधानिक हक हनन हुने कार्य नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने ब्यहोराको ललितपुर उपमहानगरपालिका वडा नं. ३ को कार्यालयका तर्फबाट र ललितपुर उपमहानगरपालिकाको कार्यालयको तर्फबाट पेश भएको संयुक्त लिखित जवाफ ।

बाबुको ठेगान नभएको बालबालिकाको हकमा जन्म दर्ता गर्न इन्कार नगर्नु भनी सम्मानित सर्वोच्च अदालतबाट परमादेश जारी भएको र सोबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को खण्ड (क) मा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले संशोधन गरी परिवारको मुख्य व्यक्तिले सूचना दिनुपर्ने, निजको

अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्ति सुचक भई जन्म तथा मृत्युको घटना दर्ता गराउन सक्ने एवं बाबुको ठेगाना नलागेका बालबालिकाको जन्म दर्ता सूचना फारामको बाबुको विवरणको महलमा ठेगाना नभएको भन्ने ब्यहोरा लेखी आमा सूचक भई जन्मको घटना दर्ता गर्न सक्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट व्यवस्था भएको पाइन्छ । अतः सोअनुसार विपक्षी निवेदकले दाबी लिनु भएको विषय सम्मानित अदालतबाट यसअगाडि नै सम्बोधन भइसकेको विषय हुँदा पुनः सोही विषयमा आदेश जारी गर्नु पर्ने होइन भन्ने ब्यहोराको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखित जवाफ ।

स्थानीय निकायले रिट निवेदकको छोरीको जन्म दर्ता नगरेको विषयमा यस मन्त्रालयलाई विपक्षी बनाइरहनु पर्ने होइन भन्ने गृह मन्त्रालयको लिखित जवाफ ।

बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्न जन्मको सूचना फारामको बाबुको विवरणको महलमा ठेगाना नभएको ब्यहोरा उल्लेख गरी आमा सुचक भई जन्मको घटना दर्ता गर्न सक्ने गरी यस मन्त्रालयबाट मिति २०६२।१०।१३ मा सम्पूर्ण स्थानीय निकायहरुलाई परिपत्र भई सोहीबमोजिम जन्म दर्ता हुँदै आइरहेको छ । यसै गरी विदेशमा जन्म भई बाबु पत्ता नलागेको नेपाली आमाबाट जन्मेको बच्चाको जन्म दर्ता गर्ने सम्बन्धमा यस मन्त्रालयबाट मिति २०६७।६।१४ मा पत्राचार भइसकेको छ । यसै गरी जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको व्यक्तिले त्यस्तो सूचना दिनुपर्ने व्यवस्था उक्त ऐनको दफा ४ को उपदफा (४) मा रहे मुताविक नेपाल राजपत्र खण्ड ५२, संख्या ४७, भाग ३, मिति २०५९।११।२६ मा गा.वि.स.मा सचिव र नगरपालिकामा कार्यकारी अधिकृत सुचक हुने ब्यहोराको सूचना प्रकाशित भई सोहीबमोजिम घटना दर्ता भइरहेको छ । यसरी बाबुको पहिचान नभएका व्यक्तिको आमाको नागरिकताको आधारमा जन्म दर्ता हुन सक्ने व्यवस्था गरिसकेको अवस्थामा दिइएको रिट निवेदन खारेजभागी छ भन्ने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको तथा सोही मिलानको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

**रिट निवेदकका तर्फबाट प्रस्तुत भएको बहसः**

रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री मीरा ढुङ्गाना र श्री सुषमा गौतमले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ४ को उपदफा १ को खण्ड (क) ले जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा

परिवारको उमेर पुगेको व्यक्तिले गर्नु पर्ने व्यवस्था छ, सोही व्यवस्थाअनुसार रिट निवेदक जन्म दर्ता गर्न जाँदा जन्म दर्ता भएको स्थिति छैन, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ मा भएको जन्मको सूचना फाराममा बाबुआमाको नागरिकतासम्बन्धी विवरण उल्लेख गरे तापनि कुनै एक जनाको नागरिकता नहुँदैमा जन्म दर्ता नै गर्न नहुने गरी अर्थ गर्न कदापि मिल्दैन, बच्चाको जन्म दर्ता हुनु पर्ने जन्मसिद्ध अधिकारलाई नेपालको अन्तरिम संविधान, २०६३ एवं बाल अधिकारसम्बन्धी महासन्धी, १९८९ ले समेत उल्लेख गरेको हुँदा त्यसलाई चुनौती दिने अधिकार विपक्षीहरुलाई छैन भन्नेसमेत ब्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

**अदालतको आदेश:**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत विषयमा बाबुको पहिचान नभएकी छोरीको हकमा स्थानीय निकायमा जन्म दर्ता गर्न इन्कार गरेकोले दर्ता गराइपाउन रिट निवेदन दिएको देखिन्छ । विपक्षीहरुको लिखित जवाफ हेर्दा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ को जन्मको सूचना फाराममा नागरिकता लिएका बाबु आमाको विवरण भर्नुपर्ने ढाँचा भएकोले सोअनुसार बाबुको विवरण खाली राखी जन्म दर्ता गर्न मिल्ने हुँदैन, बाबुको ठेगान नभएका बच्चाको हकमा स्थानीय पञ्जिकाधिकारीले मुख्य पञ्जिकाधिकारीसँग आवश्यक निकासा माग गरी निवेदकले उपचार प्राप्त गर्न सक्ने वैकल्पिक व्यवस्था विद्यमान नै छ भन्ने ब्यहोरा उल्लेख गरेको पाइन्छ ।

तसर्थ प्रस्तुत विषयका सन्दर्भमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ अनुसार बाबुको पहिचान नभएको निवेदकको छोरीको हकमा जन्म दर्ता हुनु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनु परेको छ ।

यसमा निर्णयतर्फ विचार गर्दा कस्ता नाबालकको जन्म दर्ता गर्ने र कस्ताको हकमा नगर्ने भन्ने सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ ले कुनै बर्गीकरण गरेको पाईंदैन । उक्त ऐनको प्रस्तावनामा "नेपालमा बसोबास गर्ने व्यक्तिहरुको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना दर्ता गरी प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश उल्लेख भएको पाइन्छ । प्रस्तावनामा ऐनको उद्देश्य र भावना समाहित हुने हुँदा उक्त ऐनको यस उल्लेखले नेपालमा बसोबास गर्ने जो कोहीको पनि जन्म दर्ता गर्न बाधा पुगेको देखिँदैन । नेपालमा जन्मेको बालबालिका स्वदेशी वा विदेशी जो भए तापनि त्यसको अभिलेख हुनु जरुरी हुन्छ । यहाँसम्मकी जन्म दर्ताको विषयलाई स्वदेशीको

लागि मात्र नभएर शरणार्थी, राज्यविहीन बालबालिका वा विदेशीको हकमा समेत एक अधिकारको रुपमा स्थापित गरेको पाइन्छ ।[१]

कुनै बालबालिकाको जन्म भएपछि जन्म दर्ता गर्न पाउनु उसको नैसर्गिक अधिकार भएको कुरालाई विभिन्न अन्तराष्ट्रिय महासन्धिले उल्लेख गरेको पनि छ । मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्रको धारा ६ ले जुनसुकै ठाउँमा पनि कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिको रुपमा पहिचान पाउने अधिकार हुनेछ भन्ने ब्यवस्था गरेको छ ।[२] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४(२) ले प्रत्येक बालबालिकालाई जन्मेपछि तत्काल दर्ता गरिनेछ र निजको नाम राखिनेछ भन्ने उल्लेख गरेको पाइन्छ ।[३] यसैगरी बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ७(१) ले बालबालिकालाई जन्मेपछि तत्काल दर्ता गरिनेछ भन्ने कुराको प्रत्याभूति गरेको देखिन्छ ।[४] यसबाहेक संयुक्त राष्ट्र संघीय महासभाले सन् २०११ को डिसेम्बर १९ मा एक प्रस्ताव पारित गरी सबै राष्ट्रहरुलाई बालबालिकाको जन्म दर्तासमेतको अधिकारलाई सुरक्षित राख्न आग्रह गरेको पाइन्छ ।[५]

जन्म दर्ता प्रमाणपत्र कुनै पनि बालबालिकाको लागि राज्यद्वारा प्रदान गरिने त्यस्तो कानूनी मान्यता हो जसले निजलाई समाज वा राष्ट्रको एक सदस्यको रुपमा अस्तित्ववान गराएको हुन्छ । यसले आफ्नो बाबु वा आमासँग मात्र नभएर राज्यसँगसमेत कानूनी रुपमा सम्बन्ध स्थापित गर्दछ ।

कुनै बालबालिकाले राज्यको प्रचलित कानूनविपरीत कुनै अपराध गरेमा निजउपर अभियोग लगाउँदा वा न्यायिक प्रक्रियामा सहभागी गराउँदा जन्म दर्ताको महत्व हुन्छ ।[६] यसैगरी करार गर्दा, धर्मपुत्र वा धर्मपुत्री बनाउँदा, रोजगारी प्रदान गर्दा, बालविवाह रोक्नु पर्दा, रोगविरुद्ध खोप लगाउनु पर्दा वा राज्यबाट प्राप्त गर्ने अन्य सामाजिक सुरक्षा प्राप्त गर्नु पर्दासमेत जन्म दर्ताको ठुलो महत्व हुन्छ । युनिसेफले नेपाललगायत विभिन्न देशहरुको बालबालिकाको जन्म दर्तासम्बन्धमा गरेको एक

---

१ Rachel Hodgkin and Peter Newell, *Implementation Handbook for the Convention on the Rights of the Child,* (UNICEF, 2007), p. 97.

२ धारा ६: "Everyone has the right to rocognition everwhere as a peson before the law."

३ धारा:२४(२): "Every child shall be registered immediately after birth and shall have a name."

४ धारा: ७(१): "The child shall be registred immediately after birth and shall have the right from birth to a name, the right to acquire a nationality and, as far as possible, the right to know and be cared for by his or her parents."

५ "The General Assembly...urges all state parties to...protect children in matters relating to registration, family relations and adoption or other forms of alternative care..." cited from <http://www.un.org/en/ga/66/resolutions.shtml>.

६ कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा दश वर्ष मुनिको बालक रहेछ भने निजलाई कुनै प्रकारको सजाय हुन नसक्ने र सोह्र वर्षभन्दा कम उमेरको भएको अवस्थामा समेत वयस्क व्यक्तिको भन्दा कम सजाय हुने व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ ले गरेको पाइन्छ ।

अध्ययनले पहिचान नभएका वा जन्म दर्ता नगरिएका बालबालिकालाई दास गराउन वा वेश्यावृत्तिमा लगाउन सक्ने सम्भावना औंल्याएको पाइन्छ ।[७]

आफ्नो वडा वा नगरपालिका क्षेत्रभित्र हुने हरेक गतिविधिको अभिलेखीकरण गरी तथ्याङ्कगत स्पष्टतामा रहँदा योजना निर्माणमा समेत सघाउ पुग्दछ । त्यसमा पनि बालकको सर्वोत्तम हितका लागि नेपालको नागरिकता प्राप्त गरेका बाबु वा आमाबाट जन्मेको बालकको जन्म दर्ता गर्नु पर्ने हुन्छ । नेपालमा कुनै बालबालिका जन्मिन्छ भने दर्ता नगरेको कारणले मात्र त्यो खण्डित हुने कुरा आउँदैन । प्रस्तुत विषयमा रिट निवेदक नेपालको नागरिक भएको र निजले नेपाली नागरिकता प्राप्त गरेको कुरामा विवाद छैन । नेपालमा जन्मेको बालबालिकाको जन्म दर्ता हुनु स्वाभाविक हुँदा त्यस्तो स्वाभाविक रुपमा गर्नु पर्ने कुरामा पनि नियम, कानून वा परम्पराको आधार देखाई दर्ता गर्न नै इन्कार गर्दा नेपालमा जन्मेको बालबालिकाको तथ्याङ्कसमेत हराउने वा अनिश्चित हुने अवस्था रहन्छ । त्यस्तो तथ्याङ्कको अभावमा त्यस्ता बालबालिकाको विकास एवं पहिचान झन् ओझेलमा पर्न जान्छ ।

बालकको जन्म दर्ता हुँदैमा बाँकी सबै हकहरु स्वतः प्राप्त हुन्छ भन्ने पनि होइन । त्यो कानूनबमोजिम हुने कुरा हो । जन्म स्थानका आधारमा नागरिकता प्राप्त गर्ने पद्धति -jus soli होस् वा रगतको सम्बन्धका आधारमा नागरिकता प्राप्त गर्ने पद्धति -jus sanguinis होस्, जुनसुकै पद्धतिमा पनि बालबालिकाको हितको निम्ति जन्म दर्ता आवश्यक हुन्छ । कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भनी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) को खण्ड (ख) ले र सोहीअनुसार नागरिकता ऐन,२०६३ को दफा ३(१) ले समेत व्यवस्था गरेको हुँदा नागरिकता प्राप्तिको प्रथम आधारका रुपमा रहने जन्म दर्ता प्रमाणपत्रको उपादेयतालाई राज्यले नजरअन्दाज गर्न मिल्दैन ।

प्रस्तुत विषयका सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ को अनुसूची २ मा भर्नु पर्ने विवरणमा अन्य कुराको अतिरिक्त बाबु आमासमेतका विवरणहरु सामेल गरिएको र सोसँग सम्बन्धित जटिलताको कारणले घटना दर्ता नगरेको देखिन्छ ।

जन्म दर्ता गराउन चाहनेले भरेको वा भर्न सक्ने विवरण जे जति दिन ल्याउँछ सो हदसम्म स्वीकार गरेर भए तापनि बच्चाको जन्म दर्ता गरिदिनु नै राज्यको कर्तव्य हुन्छ । अन्यथा पछि अन्य

---

[७] UNICEF, *Innocenti Digest*, "Birth Registration: Right From The Start",(Innocenti Research Centre, Florence, Italy, 2005), p.5.

जटिलता उत्पन्न हुन्छ । यस विषयमा यस अदालतको विशेष इजलासबाट "वादी समुदायका बालबालिकाहरुलगायत बाबुको ठेगान नलागेका सबै बालबालिकाहरुलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरुको जन्म दर्ता गर्न इन्कार नगर्नु" भनी आदेश भइसकेको छ ।[८] यसरी यस अदालतबाट बाबुको पहिचान नभएका बालबालिकाको हकमा पनि जन्म दर्ता गरिदिने आदेश गरिसकिएको छ भने स्थानीय विकास मन्त्रालयले सोही आदेशका आधारमा मिति २०६२।१०।१३ मा सबै स्थानीय पञ्जिकाधिकारीहरुलाई बाबुको ठेगान नलागेको बालबालिकाको जन्म दर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको ब्यहोरा लेखी आमाको नागरिकताको आधारमा जन्म दर्ता हुन सक्ने गरी स्पष्ट निर्देशन दिइसकेको भन्ने विपक्षीहरुको लिखित जवाफबाट देखिएको छ । यसरी बालबालिकाको बाबुको ठेगान नलागेको अवस्थामा पनि जन्म दर्ता गर्न यस अदालतबाट आदेश भएको एवं मन्त्रालयबाट सोही विषयमा निर्देशन दिइसकेको स्थितिमा सोही विषयलाई लिएर जन्म दर्ता गर्नबाट इन्कार गर्नु हुँदैन । जन्म दर्ता गर्न ल्याए गरिदिने मात्र होइन, जन्म दर्ता गर्ने कार्य नै अनिवार्य हुन सकेको खण्डमा जनतामा उत्तरदायी शासनप्रणालीको अनुभूति हुन जान्छ ।

अत: निवेदकले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४ अनुसूची २ को फाराममा उल्लिखित विवरण जो दिएमा वा भर्न सकेको भनी ल्याएमा सो ग्रहण गरी यथास्थितिमा दर्ता गरिदिनु भनी विपक्षी ललितपुर उपमहानगरपालिका समेतका नाममा परमादेश जारी हुन्छ । साथै उक्त अनुसूची २ को व्यवस्थालाई बाबुको पहिचान हुन नसकेको निवेदकको जस्तो परिस्थितिमा समायोजन हुन सक्ने गरी पुनरावलोकन गरी परिमार्जन वा संशोधन गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः अनिल कुमार शर्मा

कम्प्युटर गर्नेः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम् .........................................................

[८] *दलित समुदायको उत्थानका लागि जनहित संरक्षण मञ्चका तर्फबाट टेक ताम्राकारसमेत वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेत,* विषय: परमादेश समेत, ने.का.प. २०६२, असोज, नि.नं. ७५५० पृ. ६८० ।